# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

प.सं./Ref. No.:- ०७७/०७८
च.नं./Des. No. ६८०

फोन नं. ०६५-५७२४३६

मिति: २०७७/०५/०३

श्री ईलाका प्रहरी कार्यालय, भिमाद, तनहुँ।
श्री भिमाद नगर उद्योग वाणिज्य संघ, भिमाद।
श्री तनहुँ उद्योग वाणिज्य संघ, भिमाद वजार ईकाई भिमाद।
श्री भिमाद यातायात प्रा.लि.भिमाद।
श्री स्थानिय यातायात प्रा.लि.शाखा कार्यालय, भिमाद।

विषय: आवश्यक सहयोग गरिदिने।

प्रस्तुत विषयमा भिमाद नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा मिति २०७७/०५/०२ मा कोरोना भाईरस कोभिड-१९ को संक्रमण रोकथाम एवं नियन्त्रणको लागि वसेको सर्वपक्षीय वैठकवाट छिमेकी पालिकाहरुमा समुदायस्तरमा कोरोना भाइरस फैलिएको अवस्थालाई मध्यनगर गर्दै यस नगर भित्र सजगता अपनाउने सम्बन्धमा भएको निर्णय पाना २ यसै साथ संलग्न राखि पठाइएको छ । सोको कार्यान्वयनमा आवश्यक सहयोग गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:
श्री जिल्ला समन्वय समितिको कार्यालय, दमौली, तनहुँ ।
श्री जिल्ला प्रहरी कार्यालय, दमौली, तनहुँ ।

४(चार)

विश्वव्यापी माहामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस) को सङ्क्रमण पछिल्ला दिनमा छिमेकी पालिकाहरु तथा देशका विभिन्न स्थानमा समुदायस्तरमा समेत फैलिएको वर्तमान अवस्थामा सार्वजनिक यातायात असुरक्षित रुपमा सुचारु हुँदा यस नगरपालिकामा अदृश्य रुपमा संक्रमितहरुको प्रवेश हुन सक्ने सम्भावना बढेकोले यस नगरपालिका क्षेत्रभित्र COVID-19 (कोरोना भाइरस) को सङ्क्रमण समुदायस्तरमा फैलिन नदिई कोरोना भाईरसको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि तत्काल केही सेवाहरु बन्द गर्नुपर्ने देखिएकोले मिति २०७७/०५/०४ देखि मिति २०७७/०५/१० सम्म देहाय वमोजिमको व्यवस्था गर्ने र सो को कार्यान्वयनमा आवश्यक सहयोगको लागि जिल्ला प्रशासन कार्यालय तनहुँमा अनुरोध गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क. <u>सञ्चालन गर्न नपाईने सेवा तथा कार्यहरु</u>

| सि.नं. | सञ्चालन गर्न नपाईने क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| १ | अत्यावश्यक काममा बाहेक घरबाहिर निस्कन र हिंडडुल गर्न | |
| २ | अनावश्यक भिडभाड, सभा जुलुश, जात्रा महोत्सव, नित्य पुजापाठ बाहेक धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु गर्न | |
| ३ | अत्यावश्यक बाहेकका अन्य सेवाहरु | |
| ४ | बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिने ATM बाहेकका अन्य बाह्य सेवाहरु | |
| ५ | सामाजिक संघ संस्थाले सञ्चालन गर्ने कोविड नियन्त्रण तथा स्वास्थ्य सुरक्षा बाहेकका अन्य कार्यहरु | |
| ६ | उद्योग कलकारखाना र यात्रु बाहक सार्वजनिक र निजी सवारी साधनहरु (चार पाङ्ग्रे र दुई पाङ्ग्रे) | |
| ७ | होटल, विजुली पसल, मोवाईल पसल, हार्डवेयर, ग्यारेज, हेयर कटिङ्ग शैलुन, पार्लरहरु, कपडा तथा फेन्सी पसल, सुनचाँदी पसल, किराना पसल, फ्रेस हाउस, भाँडा पसल, फुटकर अन्य पसलहरु, फुटपाथ पसल, फोटोकपी पसलहरु, स्टेशनरी पसलहरु, कम्प्यूटर सेवा तथा फोटो स्टुडियोहरु, कन्सल्टेन्सीहरु, फर्निचर पसल, सोरुमहरु, पार्टी प्यालेस, जिमखाना, पुलहाउस लगायत समूहमा खेलिने खेलकुद | |
| ८ | सबै प्रकारका शैक्षिक संस्थाहरु एवं तालिम तथा प्रशिक्षण केन्द्रहरु | |

ख. <u>सञ्चालन हुन पाउने सेवा तथा कार्यहरु</u>

| सि.नं. | सञ्चालन हुन पाउने क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| १ | बिरामी ओसारपसार गर्ने एम्बुलेन्स/सवारी साधनहरु | |
| २ | औषधि बिक्रिबितरण एवं औषधि ढुवानी सेवा | |
| ३ | मलामी/क्रियापुत्रीलाई क्रिरियाबस्ने स्थान सम्म पुऱ्याउने सवारी साधन | |
| ४ | मृतकको दाहासंस्कार गर्ने कार्यमा संलग्न हुने व्यक्तिहरु | |

५(पाँच)

| सि.नं. | सञ्चालन हुन पाउने क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| ५ | खानेपानी तथा इन्धन बोक्ने सवारी साधनहरु | |
| ६ | विद्युत, सञ्चार, खानेपानी आपुर्ति सेवालाई सुचारु गर्न खटिने प्राविधिकहरुको आवतजावत | कर्मचारी परिचयपत्र आवश्यक पर्ने |
| ७ | स्वास्थ्य तथा अत्यावश्यक सेवामा खटिने (यस नगरपालिकाका कर्मचारी समेत) कर्मचारीहरुको आवतजावत | |
| ८ | झण्डा वाहक सवारी साधन, कुटनीतिक नियोगका सवारी साधन, जनप्रतिनिधिहरु लगायत सरकारी कामको सिलसिलामा खटिएका संघ, प्रदेश तथा अन्य स्थानीय तहका कर्मचारीहरु, बैंकका कर्मचारीहरु, शिक्षकहरु, सञ्चारकर्मीहरुको आवतजावत | |
| ९ | पशुपंक्षीका दाना, तरकारी, फलफुल, दुध तथा दुग्धजन्य उत्पादन | |

ग. नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु मध्ये स्वास्थ्य सम्बन्धी कार्य, कोविड १९ सम्बन्धी कार्य, विपद व्यवस्थापन सम्बन्धी कार्यहरु, अत्यावश्यक प्रशासनिक, आर्थिक एवं प्राविधिक सेवाहरु बाहेकका कर सङ्कलन, सिफारिसहरु लगायत व्यक्तिगत घट्ना दर्ता गर्ने सेवाहरु प्रवाह नहुने

घ. आम नागरिकहरुले पालना गर्नुपर्ने शर्तहरु

- अत्यावश्यक काममा बाहेक घरबाट बाहिर ननिस्कने
- अत्यावश्यक काममा घर बाहिर निस्कन पर्ने भएमा अनिवार्य रुपमा मास्क लगाउने र समूहमा नहिड्ने
- भौतिक र सामाजिक दुरी कायम गर्ने
- केही वस्तुहरु छोएपछि वा घरबाहिरबाट घरभित्र प्रवेश गरेपछि अनिवार्य रुपमा मिचिमिची साबुन पानीले हातधुने वा स्यानीटाईजरको प्रयोग गर्ने
- स्वास्थ्यमा कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने
- सङ्क्रमित स्थान वा देशबाट क्वारेन्टिनमा नबसी विना सूचना समुदायमा प्रवेश गर्ने नागरिकहरुको बारेमा तुरुन्तै वडा वा नगरपालिकामा जानकारी गराउने